(संवत् २०८० साल वैशाख मसान्तसम्म भएका संशोधन मिलाइएको)

# सैनिक चन्दा र पुरस्कार सम्बन्धीनियमहरु, २०२४

<u>राजपत्रमा प्रकाशित मिति</u>

२०२४।४।१

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस नियमको नाम "सैनिक चन्दा र पुरस्कार सम्बन्धी नियमहरु, २०२४" रहेको छ ।

(२) यी नियमहरु २०२४ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछन् ।

२. **<u>प्रधान सेनापतिको अधिकार</u>:** (१) प्रधान सेनापतिले स्वीकृत बजेटको चन्दा पुरस्कार रकम मध्ये देहायको अवस्थामा देहाय बमोजिम चन्दा वा पुरस्कार स्वरुप आर्थिक सहायता दिन सक्नेछः-

(क) नेपाली सेनामा बहाल रहेका अथवा अवकाश प्राप्त गरी सकेको कुनै पनि व्यक्ति वा त्यस्ता व्यक्तिको मरणपछि त्यस्तो व्यक्तिको परिवार (पत्नी वा छोराछोरी मात्र) को ज्यादै दयनीय अवस्था परी आर्थिक सहायता दिनु पर्ने देखिएमा एक पटकमा रु. ५००।- पाँच सयसम्म चन्दा,

(ख) सैनिक सार्वजनिक हितको निमित्त एक पटकमा रु. ५००।- सयसम्म चन्दा,

(२) नेपाली सेनामा देहायमा लेखिए बमोजिम अड्डा, गण, गुल्म, सेनामुख र पतिस्तरमा सामूहिक प्रतियोगिता भएमा वा व्यक्तिगत उल्लेखनीय काम देखिएमा एक पटकमा रु. ५००।- पाँचसयसम्म पुरस्कारः-

(क) लाईन, ओच्छ्याउने सफाई र हिफाजत,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) कवाज, शारीरिक अभ्यास, बन्दुक सहितको व्यायाम र टर्नआउट,

(ग) खेलकूद,

(घ) अव्सट्रेकल र फिल्डक्राफ्ट,

(ङ) व्यक्तिगत वा सामुहिक चांदवारी,

(च) बर बन्दोबस्त,

(छ) वर्ष भरिमा विरामीको सङ्ख्या कम गरेमा,

(ज) चालू वर्षमा शैक्षिक स्तरको प्रगति देखाएमा ।

३. **अधिकार प्रत्यायोजनः** प्रधान सेनापतिले यी नियमहरु बमोजिम पाएको अधिकार आफूमुनिका रथीवृन्दलाई आवश्यकता अनुसार प्रत्यायोजन गर्न सक्नेछ । रथीवृन्दले नियम २ को अधिनमा रही काम गर्नेछन् ।

४. **लेखा परीक्षणः** यी नियमहरु बमोजिम भए गरेको आम्दानी खर्चको लेखा परीक्षण प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

रुपान्तरः १. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः

“श्री ५ को सरकार” को सट्टा “नेपाल सरकार” ।

२. सैनिक ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः

“शाही नेपाली सेना” को सट्टा “नेपाली सेना” ।